# वागमती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भट्टेडाँडा, ललितपुर

वागमती प्रदेश, नेपाल

प सं २०७७।०७८

च नं

## रसायनिक मल छनौट तथा बिक्री वितरण सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७।०८।१७**

नेपाल सरकारले कृषकको लागि अनुदानमा उपलब्ध गराउने मलको स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन गर्न विक्रेता नियुक्तिका आवश्यक प्रक्रियाका लागि **"अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७"** बमोजिम यस वागमती गाउँपालिकाको प्रत्येक वडामा कम्तिमा १ वटा बिक्रेता रहने गरि मल वितरक कम्पनीमा बिक्रेता छनौट गर्न सिफारिस गर्ने प्रयोजनका लागि यस गाउँपालिका अन्तर्गतका मल बिक्री वितरण गर्न ईच्छुक सहकारी संस्था, फर्म वा कम्पनीले तपशिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि वागमती गाउँपालिकाको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०७७।०८।१४ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१ मलको विक्रि वितरण गर्न ईच्छुक सहकारी संस्था, फर्म वा कम्पनीको निर्णय प्रतिलिपि र निवेदन ।

२ सहकारी संस्था, फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३ विगत दुई आ. व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

४ प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

५ अनुभव, कार्यदक्षता कार्यक्षमताको विवरण ।

६ नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगायतका पूर्वाधारको विवरण ।

७ शेयर सदस्यको विवरण (नाम, ठेगाना, सम्पर्क नं)

८ वडा कार्यालयको सिफारिस ।

**नोटः** कृषि सहकारीलाई पहिलो प्राथमिकता दिइने छ ।

सुवास खनाल
कृषि विकास अधिकृत

२०७७।०८।१६
खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत